# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ १२

## प्रभु येशूको सुसमाचार कसरी सुनाउनुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''अनि येशूले उनीहरूलाई भन्नुभयो: 'मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका जलाहारी तुल्याउनेछु।' ''** **मत्ती ४:१९**

प्रभु येशूले आफ्नो पछि लाग्नेहरूलाई एउटा असल काम सुम्पिदिनुभयो। यो हो सुसमाचार सुनाउनु। किनभने प्रभुले आफ्नो वचनअनुसार हामीलाई मानिस पक्रने जलाहारी तुल्याउनुहुन्छ। जसरी माछा मार्नेले समुद्रमा आफ्नो जाल हानेर माछा पक्रन्छ, त्यसरी नै संसाररूपी सागरमा जिएका मानिसहरूलाई सुसमाचार सुनाएर बचाउनु नै प्रभु येशूको इच्छा हो। यदि तपाईं प्रभु येशूको साँचो चेला हुनुहुन्छ भने प्रभुले तपाईंलाई पनि यस काममा एउटा हिस्सा दिनुभएको छ। किनभने तपाईंको परिवारलाई, तपाईंका छिमेकीहरूलाई, तपाईंको गाउँका मानिस र साथीहरूलाई तपाईंले प्रभु येशूको मुक्तिको सुसमाचार सुनाउनुहुन्न भने अरू कसले त्यो सुनाउँछ र? प्रभु येशूले तपाईंलाई बचाउनुभयो, तपाईंका सबै पापहरू क्षमा गरेर तपाईंलाई मुक्ति दिनुभयो भन्ने कुरामा सीमित छैन। प्रभु येशूले तपाईंद्वारा अरू मानिसहरूलाई बचाउन चाहनुहुन्छ। आफ्ना मानिसहरूको निम्ति तपाईं प्रभुको एक बल्दो साक्षी बन्नुपर्छ। यसमा तपाईंको जिम्मा छ। किनभने यस सम्बन्धमा तपाईंको लागि प्रभुको आज्ञा यो छ: 'मेरो पछि लाग, र म तिमीलाई मानिस पक्रने जलाहारी तुल्याउनेछु।' सुसमाचार सुनाउने तपाईंको जिम्मा कसरी पूरा गर्नुपर्छ, यस सम्बन्धमा हामी तपाईंलाई यस पाठमा परमेश्वरको वचनबाट केही शिक्षा दिन्छौं।

### क - हाम्रो जिम्मेवारी: सुसमाचार प्रचार गर्नु

**मत्ती २८:१८-२०, मर्कूस १६:१५-१६, लूका २४:४५-४८, यूहन्ना १७:१८,२०**

**''अनि उहाँले तिनीहरूलाई भन्नुभयो: 'सारा संसारमा जाओ, र हरेक प्राणीलाई सुसमाचार प्रचार गर। जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसैले मुक्ति पाउनेछ; जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिनेछ।'''** **मर्कूस १६:१५-१६**

पवित्र बाइबलको यस खण्डलाई प्रभुको महान् आज्ञा भनिन्छ। किनभने प्रभु येशूले आफ्ना चेलाहरूलाई दिनुभएको अन्तिम आज्ञा यही हो। यस आज्ञाद्वारा प्रभुको इच्छा स्पष्ट बुझिन्छ: उहाँका चेलाहरू सारा संसारमा जानुपर्छ; किनभने हरेक मानिसले सुसमाचार सुन्नुपर्छ। सुसमाचार नसुनीकन मानिसहरू आफ्नै पापमा मर्छन्। पापबाट मुक्ति दिने प्रभु येशू मात्र हुनुहुन्छ। तब प्रभु येशूको सुसमाचार सुनाएर हामी मानिसहरूलाई

परमेश्वरको क्रोध र पापको भयानक दण्ड भोग्नुबाट उम्कने मौका दिऔं। किनभने सुसमाचार विश्वास गर्नेलाई प्रभुको प्रतिज्ञा छः उसले मुक्ति पाउँछ। सुसमाचार सुनेर पनि विश्वास नगर्नु ठूलो भूल हो। विश्वास नगर्नेचाहिँ दोषी अर्थात् दण्ड पाउनु योग्य हुन्छ। यस्तो हो भने के हामी प्रभुको यही इच्छा र आज्ञा पूरा नगरौं? तब सुसमाचार प्रचार नगरेको दोष प्रभुले हामीलाई लगाउनुहुनेछ; यो कुरा निश्चित छ।

अ) **रोमी १०:१३-१५** - यी पदहरू ध्यानसित पढ्नुहोस्। यस खण्डमा प्रेरित पावलले परमेश्वरको तरिका बताउँछन्। प्रभु येशूको नाम पुकार्ने प्रत्येकले मुक्ति पाउँछ। तर प्रभुमाथि विश्वास नगरीकन कसैले उहाँको नाम पुकार्दैन। प्रभु येशूको बारेमा नसुनी मानिसहरूले कसरी उहाँमाथि विश्वास गर्न सक्छन्? सुसमाचार प्रचार गर्ने मानिस छैन भने उनीहरूले कसरी सुन्न पाउँछन्? यसैले प्रभु येशूले हामीलाई सुसमाचार प्रचार गर्ने आज्ञा दिई पठाउन चाहनुहुन्छ। तर को उहाँको आज्ञा पालन गर्न तयार छ? हराएका मानिसहरूकहाँ मुक्तिको उपाय पुर्‍याउन को तयार छ?

आ) **मत्ती ९:३६-३८** - यी पदहरूमा हामी के सिक्छौं? प्रभु येशूले मानिसहरूको ठूलो भीड़ देखेर उहाँको मन केले भरियो? उहाँले मानिसहरूलाई केजस्ता देख्नुभयो? अब यही स्थितिमा प्रभुले कस्तो उपाय बताउनुभयो? प्रशस्त फसलको निम्ति काम गर्ने खेतालाहरू कहाँबाट आउँछन्? कसले ती खेतालाहरू पठाउनुहुन्छ? के यी सबै कुरा तपाईंले बुझ्नुभयो? प्रभु येशूले हराएका मानिसहरूप्रति टिठ्याउनुहुन्छ। किनभने उहाँले उनीहरूको आत्मिक स्थिति एकदम नाजुक भएको देख्नुहुन्छ। गोठालाबिना भएका भेड़ाझैं सबै मानिसहरू बाटो बिराएका र हैरान भएका छन्। उनीहरू विनाशतिर जाँदैछन्। उनीहरूलाई परमेश्वरकहाँ फर्काउनलाई उहाँले कामदारहरू खोज्नुहुन्छ। जब हामी प्रार्थनामा यस बोझ उठाएर प्रभुलाई विन्ती गर्छौं, तब उहाँले आफ्नो इच्छाअनुसार प्रचारकहरू पठाउनुहुन्छ; शायद तपाईंलाई पनि पठाउनुहुन्छ। तर यसमा एउटा कुरा याद गर्नु खाँचो छः हराएका मानिसहरूको लागि बोझसित प्रार्थना नगर्ने मानिसलाई प्रभुले यस कामको निम्ति पठाउनुहुन्न।

इ) **१ तिमोथी २:१-४** - परमेश्वरको इच्छा के छ? यी पदहरूले हामीलाई यो बताउँछन्। सबै मानिसहरूले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आऊन् भन्ने चाहना गरेर प्रभुले हामी उहाँको मण्डलीलाई केकस्तो आज्ञा दिनुभयो? परमेश्वर हाम्रो मुक्तिदाताको दृष्टिमा कुन कुरा असल र ग्रहणयोग्य छ? सबभन्दा पहिलो कुरा अर्थात् मुख्य कुरा के हो त? मानिसहरूले मुक्ति पाउने सम्बन्धमा प्रार्थना एकदम महत्त्वपूर्ण कुरा हो। पहिलो शताब्दीका विश्वासीहरूले लगातार प्रार्थना गर्थे; यसैले प्रभुले उनीहरूको साथमा काम गर्नुहुन्थ्यो, र धेरै आत्माहरू बाँच्थे। आजभोलि प्रचार धेरै हुन्छ, तर थोरैले मात्र मुक्ति पाएको हामी देख्छौं। यो किन यस्तै छ? एउटा कारण प्रार्थनाको कमी हुन्छ। परमेश्वरले हाम्रो प्रचारको काममा साथ दिनुहुन्न भने कुनै आत्माले बाँच्न पाउनेछैन। बचाउने मुक्तिदाता प्रभु आफै हुनुहुन्छ; हामी केवल उहाँका इच्छा पूरा गर्ने सेवक हौं। यसैले प्रार्थनाद्वारा हामी सधैं प्रभुसँग नजिकको सम्बन्ध राखौं।

ई) **२ कोरिन्थी ५:१८-२१** - प्रभु येशूले हामीलाई मेलमिलापको सुसमाचार सुनाएर बचाउनुभयो। अब मुक्ति पाएपछि हामीले प्रभुबाट त्यही सेवा पाएका छौं। हाम्रो मुखको वचनद्वारा अरूले पनि प्रभुलाई चिन्नु र उहाँमाथि विश्वास गरेर पापको क्षमा पाउनुपर्छ। परमेश्वरले हामीद्वारा आफ्नो सन्देश प्रचार गर्न चाहनुहुन्छ। परमेश्वरसित मेलमिलाप राख्ने सर्त हामीले सुनाउनुपर्छ। प्रभु येशूमा भएको मुक्तिको समाचार हामीले सबै मानिसहरूकहाँ पुर्‍याउनुपर्छ। उहाँले हामीलाई आफ्नो सन्देश सुनाउने राजदूतहरू

बनाउनुभयो। राजदूतसँग कुनै सन्देश हुनुपर्छ। खबर पुर्‍याउने व्यक्तिसित सन्देश छैन भने तब ऊ बिनाकामको हुन्छ। राजदूतले आफ्नो कुनै सन्देश फैलाउन पाउँदैन, तर उसले केवल आफ्ना राजाको सन्देश सुनाउनुपर्छ।

## ख – हाम्रो सन्देशः प्रभु येशूको सुसमाचार

**''किनकि यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू ज्ञान खोज्छन्, तर हामीचाहिँ क्रूसमा टाँगिनुभएको ख्रीष्टको प्रचार गर्छौं। उहाँ यहूदीहरूको निम्ति ठक्करको कारण र ग्रीकहरूको निम्ति मूर्खता हुनुहुन्छ; तर बोलाइएकाहरूको निम्ति, चाहे यहूदी चाहे ग्रीकहरूको निम्ति, ख्रीष्ट परमेश्वरको शक्ति र परमेश्वरको बुद्धि हुनुहुन्छ।''** **१ कोरिन्थी १:२२–२४**

हाम्रो सन्देश अर्थात् सुसमाचार प्रभु येशूमा केन्द्रित छ। हामी उहाँलाई प्रचार गर्छौं, कुनै धर्मको प्रचार गर्दैनौं। हामी क्रूसको प्रचार गर्छौं, किनभने प्रभु येशू काठको क्रूसमा झुण्डिएर हाम्रा पापहरूको निम्ति मर्नुभयो। मुख्य कुरा यही हो। उहाँले बगाउनुभएको आफ्नो निर्दोष, अमूल्य रगत हाम्रा पापको प्रायश्चित्त अर्थात् पापको ऋण चुक्ता गर्ने दाम हो। यसैले परमेश्वरले हामीलाई प्रभु येशूको नाममा सित्तैंमा मुक्तिको दान दिनुहुन्छ। प्रभु येशूमाथि विश्वास गर्ने हरेकले यो दान पाउँछ। सुसमाचार सुनाउँदा हामीले यस कुरामा होशियार हुनु एकदम खाँचो छ। आजभोलि हामी अनेक गलत प्रकारले प्रभुको प्रचार गरेको देख्छौं। कतिले भन्छन्: 'प्रभु येशूमा आउनुस् र तपाईं चङ्गाइ पाउनुहुन्छ, जीवनभर निरोगी रहनुहुन्छ, खुशी हुनुहुन्छ, सबै समस्य समाधान हुन्छन्' आदि। यस्तो कुरा प्रचार गर्नु ठूलो भूल हो। यस्तो गर्न प्रभुबाट हामीले कुनै आज्ञा पाएका छैनौं। प्रभुले यी कुरा दिन वा नदिन पनि सक्नुहुन्छ। तर उहाँले हामी हरेकलाई मुक्ति अर्थात् पापको क्षमा दिन चाहनुहुन्छ। यसको लागि उहाँ क्रूसमा मर्नुभयो। यस अमूल्य मुक्तिको दान पाउनलाई हामीले पापदेखि पश्चात्ताप गर्नुपर्छ र सारा हृदयले केवल प्रभु येशूमाथि हाम्रो भरोसा राख्नुपर्छ। अरू स्वार्थी कुराहरू सुसमाचारमा मिसाउनुहुँदैन। यसमा यो भनाइ सत्य ठहरिन्छः बीउ असल हो भने फल पनि असल हुन्छ, तर बीउ कमसल हो भने फल पनि त्यस्तै हुन्छ। यसो हुनाले हामी हाम्रो प्रचारमा परमेश्वरको वचनका पदहरू प्रस्तुत गर्दै हामीले भनेको कुरालाई प्रमाणित गर्छौं। परमेश्वरले आफ्नो वचनलाई आदर दिनुहुन्छ र आत्मा बचाउने काममा हाम्रा आफ्ना शब्दहरूभन्दा आफ्नो पवित्र वचन प्रयोग गर्नुहुन्छ।

**अ) १ कोरिन्थी १५:१–३** – प्रेरित पावलले प्रचार गरेको सुसमाचार परमेश्वरको वचनअनुसारको थियो। प्रभु येशू हाम्रा पापको निम्ति मर्नुभयो र मरेको तेस्रो दिनमा बौरेर जिइउठ्नुभयो भन्ने कुरा सुसमाचारका मुख्य बुँदा हुन्। यसकारण यी कुरा हामीले सधैं प्रचार गर्नुपर्छ। क्रूसको प्रचारमा आत्मा बचाउनलाई परमेश्वरको शक्ति छ। किनभने क्रूसमा हामी पापीप्रति परमेश्वरको प्रेम प्रकट भएको छ। १ कोरिन्थी १:१७–१८ र २:१–५ पदमा प्रेरित पावलले क्रूसको प्रचारको महत्त्व बताउँछन्। मानिसहरूले आफ्नो विश्वास हाम्रो बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा बसाल्नु खाँचो छ। रोमी १:१६ अनुसार ख्रीष्टको सुसमाचारमा विश्वास गर्ने हरेकलाई मुक्ति दिनको निम्ति परमेश्वरको शक्ति छ। परमेश्वरको शक्तिद्वारा हामी पापबाट मुक्त हुन्छौं। यसमा मानिसहरूलाई छल गर्नु ठूलो पाप हो। गलाती १:८–९ ले के भन्छ भने हामीले परमेश्वरको सन्देश बिगार्नुहुँदैन, नत्र ता हामी श्रापित हुन्छौं।

**आ) मर्कूस ७:२०–२३** – प्रचार गर्दा हामीले पापको विषयमा मानिसहरूलाई सफासँग भन्नुपर्छ। हामी सबैजना स्वभावैले पापी छौं। धर्मी कोही पनि छैन। पापले हामीलाई नाश गर्छ। यसैले परमेश्वरको

क्रोध हामीमाथि आइपर्छ। किनकि परमेश्वर पवित्र हुनुहुन्छ, र उहाँले पाप सहन सक्नुहुन्न। उहाँले पापको सजाय दिनैपर्छ। पापले गर्दा हामी नरकको ननिभ्ने आगोमा दण्ड पाउनु योग्य छौं। यसकारण मानिसहरूलाई आफ्नो रोग नबताईकन दवाइ दिनु ठीक छैन। पहिले हामीले उनीहरूलाई पापको खराबी देखाउनुपर्छ। जब प्रचारमा हामी परमेश्वरको धार्मिक नियमहरू ऐनाजस्तै प्रयोग गर्छौं, तब हरेक मानिसले आफ्नो दोष देख्न सक्छ र पापबाट मुक्ति पाउनलाई प्रभु येशूमाथि विश्वास राख्छ। आफ्ना पापको बारेमा मानिसहरू अनजान हुन्छन्; यसकारण यस कुरामा बढ़ी जोड़ दिनु खाँचो छ। हाम्रो प्रचार सुनी कसैले 'म धर्मी हुँ, परमेश्वरको दृष्टिमा म ठीक छु' भनी विचार गर्न नपाओस्। सारा संसार उहाँको सामु दोषी छ। परमेश्वरको क्रोधबाट प्रभु येशूकहाँ भागेर शरण लिनलाई हामी सबैलाई आग्रह गर्छौं।

इ) **यूहन्ना ३:३-७** - मानिसहरू सबै पापी छन्; यसैले उनीहरूले आफूलाई बचाउन सक्दै सक्दैनन्। कुनै धर्मको नियम पालन गरेर वा थुप्रै धर्मकर्म गरेर कोही पनि मानिस न परमेश्वरको दृष्टिमा धर्मी हुन्छ, न कसैले पापबाट मुक्ति पाउँछ। आत्मिक हिसाबले हामी पापमा मरेका छौं। परमेश्वरले मात्र मरेको मानिसलाई जिउँदो पार्न सक्नुहुन्छ। किनभने उहाँसँग मात्र यो सामर्थ्य छ। यसैले हामीलाई नयाँ जन्मको आवश्यक छ। जब हामी प्रभु येशूमाथि विश्वास गर्छौं, तब परमेश्वरले पवित्र आत्माको शक्तिद्वारा हामीभित्र यो नयाँ जन्म पैदा गर्नुहुन्छ। यूहन्ना १:१२-१३ पदमा प्रभुले पनि त्यही कुरामा जोड़ दिनुहुन्छ। हाम्रो कोशिशले यो हुँदैन, र इच्छाले पनि हुँदैन; तर परमेश्वरले प्रभु येशूको नाममाथि विश्वास गर्ने हरेकलाई आफ्नै सन्तानको रूपमा ग्रहण गर्नुहुन्छ र उसलाई पवित्र आत्माको दान दिनुहुन्छ। हामीले पवित्र शास्त्रअनुसार प्रभु येशूमाथि विश्वास गऱ्यौं भन्ने प्रमाण हामीभित्र वास गर्नुहुने पवित्र आत्मा हुनुहुन्छ (यूहन्ना ७:३७-३९)। यसैले नयाँ जन्म अर्थात् परमेश्वरबाट नयाँ जीवन नपाएसम्म कुनै मानिसले परमेश्वरको राज्यमा पस्दैन भन्ने कुरा सबैले बुझेको हुनुपर्छ।

ई) **प्रेरित १७:३० र १६:३१** - मानिसले आफूलाई बचाउन सक्दैन भने, के गरेदेखि उसले मुक्ति पाउँछ? परमेश्वरको वचनले यसमा हामीलाई दोधारमा राख्दैन, तर हामीलाई स्पष्टसँग यसको जवाफ दिन्छ। परमेश्वरले सबै ठाउँमा सबै मानिसहरूलाई पापदेखि पश्चात्ताप गर्ने आदेश दिनुभएको छ। किनभने न्यायको दिन आइरहेको छ, जुन दिनमा हामी हरेकले परमेश्वरको सामु उभिनुपर्छ र आफूले गरेका सबै कामहरूको लेखा दिनुपर्छ। यसैले ढिलो नगरी आज नै पाप छोड्नु ठीक हुन्छ। पाप-मार्गमा हिँड़ेर स्वर्ग पुग्ने होइन। पापलाई माया गर्ने मान्छेले मुक्ति कहिल्यै पाउँदैन। पापको भारले थिचिएको मानिसले प्रभु येशूकहाँ आएर पापको बोझ बिसाउन पाउँछ। उसैलाई प्रभु येशूले प्रेमले निम्तो गर्नुहुन्छ (मत्ती ११:२८)। सुसमाचार प्रचार गर्दा हामीले प्रभु येशूमाथि विश्वास गर्ने निम्तो दिनुपर्छ। प्रभु येशूमा मुक्ति छ। उहाँमा अनन्त जीवन छ। प्रभु येशूको नाम पुकार्ने हरेकले मुक्ति पाउँछ। मुक्तिको दान व्यक्तिगत रूपले ग्रहण गर्नुपर्छ। जिउँदो प्रभु येशूलाई विश्वाससाथ पुकार गर्ने मौका हामीले सुसमाचार सुन्ने मानिसहरूलाई दिनुपर्छ। तर कुरा यहाँ सकेको छैन। अझ एउटा कुरा हामीले भन्नु खाँचो छ।

उ) **मत्ती २८:१८-२०** - प्रभु येशूको महान् आज्ञाअनुसार हाम्रो काम चेला बनाउनु हो। यसर्थ हामीले सुसमाचारको प्रचारद्वारा मानिसहरूलाई प्रभु येशूको पछि लाग्ने, उहाँको इच्छाअनुसार चल्ने आज्ञाकारी शिष्य बनाउनुपर्छ। यसो गर्नको लागि हामी उनीहरूलाई प्रभु येशूको नाममा बप्तिस्मा लिने आज्ञा दिनुपर्छ। किनभने जबसम्म प्रभुको वचन सुन्ने मानिसले बप्तिस्मा लिएर प्रभुको मण्डलीमा गाभिएको छैन, तबसम्म हाम्रो काम अधूरो र पूरा सफल भएको हुँदैन। के तपाईंले यो कुरा बुझ्नुभएको छ?

## ग – हाम्रो बलः पवित्र आत्माको शक्ति

**"तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ; अनि यरूशलेम, सारा यहूदिया, सामरियामा र पृथ्वीको अन्तसम्म तिमीहरू मेरा साक्षी हुनेछौ।"   प्रेरित १:८**

पेन्टेकोष्टको दिनमा प्रभु येशूका सबै चेलाहरू पवित्र आत्माले भरिए। यो अचम्मको घटनाको बयान हामीले प्रेरितको पुस्तक दुई अध्यायमा सफासँग पढ्न पाउँछौं। त्यस दिन प्रभु येशूले आफ्नो जनहरूमाथि पवित्र आत्मालाई खन्याउनुभयो। पवित्र आत्माले उनीहरूलाई परमेश्वरका महान् कार्यहरूको गवाही दिने र प्रभु येशूको सुसमाचार निर्धक्कसाथ प्रचार गर्ने शक्ति दिनुभयो। प्रभुका चेलाहरू तपाईं र मजस्तै कमजोर मानिसहरू थिए। उनीहरू मानिसहरूदेखि डराउँथे। तर पवित्र आत्मा पाएपछि उनीहरू प्रभु येशूका साहसी र शक्तिशाली साक्षी बने। पहिलो शताब्दीदेखि आजसम्म प्रभु येशूको सुसमाचार पवित्र आत्माको शक्तिमा प्रचार गरिन्छ। यसरी नै सुसमाचारको वचन तपाईंकहाँ पुग्यो, र प्रभुको जीवित र सत्य वचनले तपाईंको मनलाई जित्यो। प्रभु येशूमाथि विश्वास गरेको दिनमा तपाईंले पनि त्यही पवित्र आत्मालाई पाउनुभएको छ। पवित्र आत्मा सधैं तपाईंभित्र रहनुहुन्छ। यदि तपाईंले आफ्नो जीवन सबै पापका अभिलाषाहरूबाट शुद्ध राख्नुहुन्छ र पवित्र आत्माले भरपूर जीवन बिताउनुहुन्छ, तब पवित्र आत्माले तपाईंलाई प्रभु येशूको एउटा बल्दो साक्षी तुल्याउनुहुन्छ। जब तपाईं मुख खोलेर सुसमाचार सुनाउँदै प्रभुको गवाही दिनुहुन्छ, तब उहाँले साहस र बुद्धि दिईकन तपाईंलाई साथ दिनुहुन्छ। अनुभवले तपाईंलाई यसको पक्का प्रमाण दिन्छ; यसैले यहाँ धेरै लेख्नु दरकार छैन।

अ) **यूहन्ना ६:६३** – जब प्रभु येशूले वचन बोल्नुहुन्थ्यो, तब उहाँले पवित्र आत्माको भरपूरीमा परमेश्वरको वचन भन्नुहुन्थ्यो। उहाँले आफ्ना वचनहरूको बारेमा यसो भन्नुभयो: 'जुन वचन म तिमीहरूलाई भन्दछु, ती वचन आत्मा र जीवन हुन्।' प्रभुले फेरि भन्नुभयो: 'जसलाई परमेश्वरले पठाउनुभएको छ, उहाँले परमेश्वरको वचन बोल्नुहुन्छ; किनकि परमेश्वरले उहाँलाई आत्मा नापेर दिनुहुन्न' (यूहन्ना ३:३४)। पावल र पत्रुस, दुवै प्रेरितहरूले पनि यसरी नै परमेश्वरको जीवित वचन प्रचार गर्थे (१ थेस्सलोनिकी २:१३, १ पत्रुस १:२३–२५)। जब हामी पवित्र आत्माको अगुवाइ र शक्तिमा बोल्छौं, तब हामी पनि उनीहरूजस्तै परमेश्वरको सत्य र नित्य रहने वचन बोल्न सक्छौं, जसद्वारा प्रभुले सुसमाचार सुन्नेहरूलाई अनन्त जीवन दिन चाहनुहुन्छ (१ पत्रुस ४:११, २ कोरिन्थी ३:२–६)।

आ) **मत्ती १०:१८–२० र ३२–३३** – प्रभु येशूको निम्ति हामी आफ्ना मानिसहरूको सामु साक्षी हौं। प्रभु येशूको नामको खातिर उनीहरूले हामीलाई अनेक कष्ट दिन्छन्। कति भनाइ, कति निन्दा, कति हप्काइ र सतावट हामीले प्रभुको निम्ति सहनुपर्छ, त्यो प्रभुको सुसमाचार सुनाउने व्यक्तिले अनुभव गर्छ। यसैकारण धेरैजना प्रभुको नाम लिनुदेखि डराउँछन्। प्रभुको नामको निन्दा भोग्न नपरून् भनेर उनीहरू चुप रहन चाहन्छन्, र यसरी प्रभुलाई मानिसहरूको सामु इन्कार गर्छन्। तर यसो गरेर कसैले पनि मुक्ति पाउन सक्दैन। अरूले मानिसहरूको सामु साहसी भई प्रभु येशूको नाममा बोल्छन् र उहाँको गवाही दिनुबाट हट्दैनन्; किनभने उनीहरूभित्र पवित्र आत्माले यसो गर्ने प्रेरणा दिनुहुन्छ। प्रभु येशूलाई इन्कार गर्ने पापदेखि परमेश्वरले हामीलाई जोगाऊन्। तर पवित्र आत्माको सहायता पाएर हामी साहससित बोलौं र विजयी साक्षी बनौं (२ तिमोथी १:७–८)।

इ) **यूहन्ना १६:७–११** – प्रभु येशूले आफ्ना चेलाहरूकहाँ सत्यको आत्मा पठाउनुभयो। उहाँ हामीभित्र शान्तिदाता हुनुहुन्छ। तर संसारको निम्ति अर्थात् विश्वास नगर्नेहरूको निम्ति उहाँ कायल पार्ने आत्मा हुनुहुन्छ, जसले पाप, धार्मिकता र न्यायको विषय बोल्नुहुन्छ। उहाँ हामीद्वारा संसारका मानिसहरूसित

बोल्न चाहनुहुन्छ, र जबसम्म उनीहरूले प्रभु येशूमाथि विश्वास गर्दैनन्, तबसम्म उहाँ सन्तोष रहनुहुन्न। यसैले हामी चुप लागेर पवित्र आत्मालाई दु:खित नपारौं, तर नम्रतासाथ र परमेश्वरको भय मानेर हामी हरेक मानिसलाई प्रभुको गवाही दिनको निम्ति सधैं तयार रहौं (१ पत्रुस ३:१५)।

## घ – हाम्रो प्रमाण: हाम्रो व्यक्तिगत गवाही

**''यूहन्नाको कुरा सुन्ने र प्रभु येशूको पछि लाग्ने दुईजनामा एकजनाचाहिँ शिमोन पत्रुसका दाजु अन्द्रियास थिए। तिनले पहिले आफ्नो भाइ शिमोनलाई भेटेर उनलाई भने: 'हामीले मसीह अर्थात् ख्रीष्टलाई भेट्टाएका छौं।' अनि तिनले उनलाई येशूकहाँ ल्याए।''   यूहन्ना १:४०-४२**

अन्द्रियास प्रभु येशूका मुख्य चेलाहरूमध्ये एकजनाको विषयमा हामीलाई धेरै कुरा थाह छैन। हामी उनको भाइ शिमोन पत्रुसको बारेमा बढ़ी जान्दछौं; किनभने तिनले प्रभुको सेवामा ठूलो बल देखाए। तर यहाँ हामीले एउटा कुरामा ध्यान दिनु असल हो: अन्द्रियासले पत्रुसभन्दा पहिले प्रभुलाई पाए। अन्द्रियासले आत्मिक कुराको तिर्सना गर्दै बप्तिस्मा दिने यूहन्नाको वचन सुन्थे। यसरी नै उनले एकदिन प्रभु येशूलाई चिन्ने अवसर पाए। प्रभु येशूलाई भेट्टाएपछि उनले आफ्नो भाइलाई यसको गवाही दिए। यो गवाहीको कारणले पत्रुस पनि प्रभु येशूकहाँ आए र उहाँको चेला भए। साधारण विश्वासीहरूले आफ्नो व्यक्तिगत गवाही दिएका हुनाले धेरै मानिसहरूले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाए। आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई तपाईंले आफ्नो गवाही दिनुहुन्न भने उनीहरूलाई कसले मुक्तिदाता येशूलाई चिनाउँछ? तपाईंका आफन्त, तपाईंका साथी र छिमेकीहरूलाई तपाईंको गवाहीद्वारा प्रभु येशूकहाँ आउने मौका दिनुहोस्।

अ) **यूहन्ना ४:२८-३०,३९-४२** – आफ्नो गवाही दिनु र सुसमाचार प्रचार गर्नु फरक छ। सबैले प्रचार गर्न सक्दैनन्, तर सबै विश्वासीहरूले आफ्नो विश्वासको गवाही दिन सक्छन्। गवाही छोटो हुन्छ। हामीले प्रभुलाई कसरी चिन्न सक्यौं वा कसरी मुक्ति पायौं, गवाहीचाहिँ यसैको बयान हो। अन्द्रियासले भने: 'हामीले मुक्तिदातालाई भेट्टाएका छौं।' फिलिपले नथनएल, आफ्नो साथीलाई पनि त्यही भने र 'आएर हेर!' भन्दै येशूकहाँ लगे (यूहन्ना १:४५-४७)। सामरी स्त्रीको गवाही पनि त्यत्ति मात्र थियो: 'आएर हेर, के यो मानिस मुक्तिदाता हुनुहुन्न?' यो स्त्रीको भनाइको कारणले उसको गाउँका मानिसहरूले चासो लिए र येशूलाई हेर्न निस्के। गवाही दिने त्यस स्त्रीले गर्दा धेरैले प्रभु येशूमाथि विश्वास गरे; पछि अरूले स्वीकार गरे: 'हामी जान्दछौं, उहाँ साँच्चै संसारका मुक्तिदाता हुनुहुन्छ।'

आ) **यूहन्ना ९:२५,३०-३४** – जन्मकै अन्धाको गवाही कतिले विश्वास गरेनन्। ठीक त्यस्तै सबै मानिसहरूले हाम्रो गवाही पनि ग्रहण गर्दैनन्। कतिले आफ्नो हृदय कठोर पारेका छन् र अविश्वासमा रहन्छन्। उनीहरूले प्रभु येशूकहाँ आएर मुक्ति पाउन चाहँदैनन्। तर याद गर्नुपर्ने कुरा के हो भने अन्धाको विरोधमा कसैले केही भन्न सकेन। जब उसले भन्यो, 'एउटा कुरा म जान्दछु: म अन्धा थिएँ, तर अब म देख्दछु', तब कसैले यस कुरालाई इन्कार गर्न सकेन; किनभने यो कुरा सत्य थियो। जब हामी ख्रीष्ट येशूमा मुक्ति छ भनी प्रचार गर्छौं, तब मानिसहरूले यसमा ठेस खाएर 'यो विदेशी धर्मको प्रचार हो' भनी भन्लान्। तर जब तपाईं र मैले आफ्नो गवाही दिँदा 'प्रभु येशूमाथि विश्वास गरेर मैले पापबाट छुटकारा पाएँ; प्रभु येशूमा मैले पापको क्षमा पाएँ' भनी भन्छौं भने यसको विरोध कसले गर्न सक्छ? यस व्यक्तिगत गवाहीको कारणले मानिसहरूले हामीलाई हेला गरेर अपमान गर्लान्; तिनीहरूले हामीलाई आफ्नो समाजबाट निकालेर हामीलाई बहिष्कार गर्लान्, तर यस सत्य भनाइ काट्न सक्दै सक्दैनन्।

## ङ – अन्तिम सल्लाहहरू

माथि उल्लेख गरिएका कुराहरू व्यवहारमा ल्याउनको लागि हामी यस ठाउँमा तपाईंलाई केही सल्लाह दिन्छौं। प्रभुले तपाईंलाई मुक्तिको सुसमाचार सुनाउने र आफ्नो विश्वासको गवाही दिने काममा प्रशस्त आशिष दिऊन्।

* **प्रभु येशूको सुसमाचार प्रचार गर्नको निम्ति आफूलाई तयार गर्नुहोस्।**
  - सुसमाचार सुनाउनको निम्ति ख्रीष्टको योग्य चालचलन देखाउने प्रयास गर्नुहोस्। कुनै मानिसले तपाईंको जीवनमा ठेस नखाओस्; बरु सबैले तपाईंको असल व्यवहार देखेर प्रभु येशूप्रति चासो राखून्।
  - सुसमाचार सुनाउने मौका पाउनको निम्ति प्रार्थना गर्नुहोस्।
  - जस–जसलाई तपाईंले प्रभुको वचन सुनाउन चाहनुहुन्छ, उनीहरूको लागि तपाईं बोझसित लगातार प्रार्थना गर्नुहोस्।
  - सुसमाचार सुनाउनलाई सुहाउँदा बाइबल–पदहरू कण्ठस्थ गर्नुहोस्, जस्तैः यूहन्ना ३:१६, यूहन्ना ३:३६, ५:२४, १४:६, १:१२, १:२९; प्ररित ४:१२, १६:३१, १७:३०; रोमी १:१६, रोमी ३:९–१०, ३:२३, ६:२३; हिब्रू ९:२७ आदि
  - सुसमाचार सुनाउने साधारण रूपरेखा अर्थात् मोटामोटी के भन्नुपर्ने हो, यसको पूर्वयोजना बनाउनुहोस्।
  - तपाईंको मण्डलीमा अरू कुनै अनुभवी सुसमाचार सुनाउने विश्वासी दाजुभाइ–दिदीबहिनी वा प्रभुको सेवकसित लागेर सुसमाचार सुनाउने तरिका सिक्नुहोस्। किनभने यस कुरालाई हामीले याद गर्नुपर्छः माछा मार्ने काम किताब पढ़ेर सिक्ने कुरा होइन, तर माछा मार्नुमा सिपालो जलाहारीबाट यो काम चाँड़ै सिकिन्छ।
  - सुसमाचार सुनाउनलाई उचित पर्चा र पुस्तिकाहरू तयार गर्नुहोस्।

* **सुसमाचार सुनाउने काममा परिश्रम गर्नुहोस्।**
  - सुसमाचार सुनाउने अवसर पाएदेखि मौका छोप्नुहोस्। त्यही व्यक्तिलाई फेरि वचन सुनाउने अर्को मौका हामीले नपाउन सक्छौं। माहुरीबाट यो कुरा सिकौंः बनका रूखहरूका फूलहरू सधैं फुलिरहने होइनन्। तर आज फुल्ने फूल, भोलि ओइलिसक्छ भन्ने कुरा जानेर माहुरीहरू हतार गर्छन् र कुनै फूल छोड्दैनन्। ढिलो नगरी हामी समयमै मुक्तिको सुसमाचार हराएका मानिसहरूकहाँ पुऱ्याउनुपर्छ।
  - सुसमाचार सुनाउँदा पवित्र आत्माको अगुवाइ र सहायतामा भर पर्नुहोस्। मानिसहरूदेखि नडराउनुहोस्। तर सधैं नम्र र प्रेमिलो स्वभाव देखाउनुहोस्।
  - सुसमाचार सुनाउँदा सुन्ने मानिसलाई ख्याल गर्नुहोस्। के उसले तपाईंको कुरामा ध्यान दिन्छ कि उसलाई दिक्क लागिसक्यो? जबरजस्ती गरेर कसैलाई प्रभुको वचन नसुनाउनुहोला; कसैलाई अपमान नगर्नुहोला; कसैलाई रूखो व्यवहार देखाएर मनमा चोट नपुऱ्याउनुहोला।
  - सुसमाचार सुनाउँदा अर्काको कुरा राम्रोसँग सुन्नुहोस्। वचन सुन्नेहरूले केको प्रश्न गर्छन्, यसैबाट उनीहरू इमानदारी छन् कि बहाना मात्र निकालेका छन् भन्ने कुरा बुझ्न सकिन्छ।
  - सुसमाचार सुनाउँदा सबै सोधिएका प्रश्नहरूको जवाफ दिने कोशिश नगर्नुहोस्। किनभने मानिसहरूले सबै कुरा बुझेर विश्वास गर्ने होइनन्। हृदयले विश्वास गर्छ, दिमागले गर्दैन। यसैले सोधिएका प्रश्नहरूको उत्तर दिँदा–दिँदै सुसमाचार सुनाउन नभुल्नुहोस्।

– सुसमाचार सुनाउने काममा धीरज देखाउनुहोस्। सायद तपाईंको गवाही सुनेर तुरुन्तै कसैले विश्वास नगर्ला। तर हामीले यस काममा लागिरहनुपर्छ। मानिसहरूले विश्वास गरून् कि नगरून्। किनभने विश्वास गर्नु उनीहरूको जिम्मा हो; तर हाम्रो जिम्मा सुसमाचार सुनाउनु हो।
– सुसमाचार सुनाउने काममा वचन अझै स्पष्ट पार्नलाई हर प्रकारको कोशिश गर्नुहोस्। कुन बाइबलको पद भनेर, कस्तो उदाहरण बताई मानिसहरूले कुरा अझ राम्ररी बुझ्छन् भन्ने प्रयास गर्नुहोस् र आफ्नो सुनाउने तरिकाको सुधार गर्नुहोस्।
– सुसमाचार सुनाउने काममा आफैमा मात्र भर नपर्नुहोस्। सुसमाचार सुनाउनुमा निपुण भएको भाइ–बिहिनी वा प्रभुको सेवक तपाईंको साथमा लानुहोस्। सुसमाचारका पुस्तिकाहरू बाँड्नुहोस्। सुसमाचार–सभामा अरूलाई निम्तो गर्नुहोस्। पत्राचार गरेर परमेश्वरको वचन अध्ययन गर्नको निम्ति इच्छुक व्यक्तिहरूलाई उत्साह दिनुहोस्। तपाईंको मण्डलीअन्तर्गत सुसमाचार सुनाउने विभिन्न कार्यक्रममा साथ दिनुहोस्।
– सुसमाचार सुनाउने काममा प्रभु येशूको खातिर अनेक किकिमको दु:खकष्ट उठाउन तयार हुनुहोस्। मत्ती ५:११–१२ पदमा प्रभुको वचन सम्झेर प्रभु येशूको नामको निम्ति निन्दा, सतावट र झूटो अरोप सहनुहोस्। प्रभु येशूको ठूलो प्रेम सम्झनुहोस्; किनभने तपाईंलाई पापबाट बचाउन र परमश्वरकहाँ पुर्‍याउन भनी प्रभु येशूले तपाईंको निम्ति क्रूसको असाध्य दु:ख सहनुभयो।

**''तिमीहरू धन्य हौ, जब मेरो खातिर मानिसहरूले तिमीहरूलाई निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोलेर हर प्रकारको खराब कुरा तिमीहरूको विरोधमा गर्नेछन्। रमाओ, र अत्यन्तै खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ; किनकि यसरी नै तिनीहरूले तिमीहरूभन्दा पहिलेका भविष्यवक्ताहरूलाई पनि सताएका थिए।''   मत्ती ५:११–१२**

**प्रार्थना:** *'हे प्रभु येशू, तपाईंले मेरा सबै पाप र अधर्महरू क्षमा गरेर मलाई बचाउनुभयो। मप्रति तपाईंको ठूलो प्रेम र यस अमूल्य मुक्तिको दानको लागि धन्यवाद। तपाईं साँच्चै संसारको मुक्तिदाता हुनुहुँदो रहेछ; तपाईंको सत्य वचन अर्थात् मुक्तिको सुसमाचार सुनेर मैले यो कुरा बुझें; र यसरी मैले तपाईंमाथि विश्वास गर्ने मौका पाएँ। अब हे प्रभु, जसरी मैले सुसमाचार सुन्ने र तपाईंमाथि विश्वास गर्ने मौका पाएँ, त्यसरी नै मबाट अरू मानिसहरूले, विशेष गरी मेरा आफन्त र साथीहरूले पनि तपाईंको बारेमा सुन्न पाऊन्। मलाई सुसमाचार सुनाउने साहस र बुद्धि दिनुहोस्। मलाई तपाईंको बल्दो साक्षी बनाउनुहोस्। आमेन।'*

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्र म - उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..........................................................................

गा°वि°स°/ग्रा°पं°: .............................................. वार्ड नं°: ......................

हुलाक/पो° आ° : .................................. जिल्ला: ........................................

अञ्चल/प्रदेश: ............................................ देश: ..................................

**रजिष्टर नं°:** ........................

# पाठ १२

## प्रभु येशूको सुसमाचार कसरी सुनाउनुपर्छ?

प्रभु येशूले तपाईंद्वारा अरू मानिसहरूलाई बचाउन चाहनुहुन्छ। आफ्ना मानिसहरूको निम्ति तपाईं प्रभुको एक बल्दो साक्षी बन्नुपर्छ। यस सम्बन्धमा तपाईंको जिम्मेवारी छ। किनभने प्रभुले तपाईंलाई यो आज्ञा दिनुभएको छ: 'मेरो पछि लाग, र म तिमीलाई मानिस पक्रने जलाहारी तुल्याउनेछु।' प्रभु येशूको सुसमाचार सुनाउने जिम्मेवारी पूरा गर्नको लागि यस पाठबाट तपाईंलाई केही मात्रामा सहायता मिल्छ भन्ने विश्वास भएको हुनाले जवाफ लेख्दाखेरि पवित्र बाइबलका पदहरू ध्यानसित पढ्ने सल्लाह हामी तपाईंलाई प्रेमसाथ दिन्छौं।

## क - हाम्रो जिम्मेवारी: सुसमाचार प्रचार गर्नु

**१) मत्ती ४:१९ - जब हामी प्रभु येशूलाई पछ्याउँछौं, तब उहाँले हामीलाई के तुल्याउनुहुनेछ?**

..........................................................................................

**२) मत्ती २८:१९-२० - क) प्रभुको महान् आज्ञा के हो? यी पदहरू कण्ठस्थ गरी तल लेख्नुहोस्।**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

ख) प्रभुको महान् आज्ञाअनुसार हाम्रो जिम्मेवारीका तीन भाग के-के हुन्?

अ) ..........

आ) ..........

इ) ..........

३) रोमी १०:१३-१५ – परमेश्वरको तरिका छ; यसमा यहाँ पाँच कदम दिएका छन्। ती के के हुन्?

अ) ..........

आ) ..........

इ) ..........

ई) ..........

उ) ..........

४) १ तिमोथी २:१-४ – सबै मानिसहरूले मुक्ति पाउन र सत्यको ज्ञानमा आउन खाँचो छ। यसमा हाम्रो जिम्मेवारी के हो? ..........

..........

५) २ कोरिन्थी ५:१८,२० – परमेश्वरसित मानिसहरूले मिलाप राख्नुपर्छ। यस काममा उहाँले हामीलाई के जिम्मा दिनुभएको छ ? ..........

..........

## ख – हाम्रो सन्देश: प्रभु येशूको सुसमाचार

१) १ कोरिन्थी १:२२-२४ – क) यहूदीहरूले के माग्छन्? ..........

ख) ग्रीकहरूले के खोज्छन्? ..........

ग) तब हामी के प्रचार गर्छौं? ..........

घ) हामी किन यस्तो गर्दछौं? (पद २४) ..........

..........

२) १ कोरिन्थी १५:३-४ – क) प्रेरित पावलले हामीलाई कुन कुरा सुम्पिएका थिए? ..........

..........

ख) पावल प्रेरितले प्रचार गरेको सुसमाचार कुन कुरामा आधरित थियो?

..........

ग ) पवित्रशास्त्रअनुसार प्रभु येशूको सुसमाचार सुनाउँदा नभई नहुने कुरा के के हुन्?

अ ) ..........................................................................................

आ ) ..........................................................................................

इ ) ..........................................................................................

३ ) मर्कूस ७:२०-२३ - क ) यी पदहरूमा प्रभु येशूले कुन कुरामा जोड़ दिनुभयो? ..................

..........................................................................................

ख ) पाप-कर्महरू धेरै भए पनि पापको मूल वा केन्द्र कहाँ हो? ..................................

४ ) यूहन्ना ३:३-७ - पापी मानिसलाई कुन कुरा आवश्यक छ? ...........................................

..........................................................................................

५ ) प्रेरित १७:३० - सबै ठाउँका मामिसहरूको निम्ति परमेश्वरको आज्ञा के छ? ..................

..........................................................................................

६ ) प्रेरित १६:३१ - के गरेदेखि पापी मानिसले मुक्ति पाउँछ? ..........................................

..........................................................................................

७ ) मत्ती २८:१८-२० - सुसमाचार सुनाउने हाम्रो कर्तव्य कहिले पूरा हुन्छ? .......................

..........................................................................................

## ग - हाम्रो बल: पवित्र आत्माको शक्ति

१ ) प्रेरित १:८ - कहिले हामी प्रभु येशूको शक्तिशाली साक्षी बन्नेछौं? ................................

..........................................................................

२ ) मत्ती १०:१८-२० - यी पदहरूअनुसार हामीले कसरी पवित्र आत्मामा भर पर्नुपर्छ?

..........................................................................................

..........................................................................................

३ ) मत्ती १०:३२-३३ - क ) प्रभु येशूलाई स्वीकार गर्ने मानिसलाई कुन प्रतिज्ञा दिइएको छ?

..........................................................................................

ख ) के प्रभु येशूलाई इन्कार गरेमा कुनै समयमा केही लाभ हुन्छ? ...............................

४ ) यूहन्ना १६:७-११ - क ) पवित्र आत्माले संसारका मानिसहरूलाई के-के विषयमा कयाल पार्नुहुन्छ?

अ ) ........................................................

आ ) ........................................................

इ ) ........................................................

ख ) कसद्वारा सत्य आत्माले यो काम गर्नुहुन्छ? ....................................................

## घ - हाम्रो प्रमाणः हाम्रो व्यक्तिगत गवाही

१ ) यूहन्ना १:४०-४२ - जब अन्द्रियासले प्रभु येशूलाई भेट्टाए, तब उनले कुन दुईटा काम गरे?

अ ) ....................................................................................................

आ ) ....................................................................................................

२ ) यूहन्ना ४:२८-३० - सामरी स्त्रीको गवाही के थियो? ..........................................

.........................................................................................................

३ ) यूहन्ना ४:३९-४२ - क ) त्यस स्त्रीको गवाहीले गर्दा के भयो ? ...............................

.........................................................................................................

ख ) उनीहरूले गवाही दिँदा के भने? ..................................................................

...................................................................................................

...................................................................................................

४ ) यूहन्ना ९:२५,३०-३४ - क ) जन्मकै अन्धाको गवाही के थियो? ................................

.........................................................................................................

ख ) साहससित गवाही दिँदा उसले प्रभुको निम्ति केकस्तो व्यवहार सहनुपर्‍यो? ..................

...................................................................................................

## ङ - अन्तिम सल्लाहहरू

हामीले तपाईंलाई दिएका सल्लाहको सम्बन्धमा तपाईंले हामीलाई केही कुरा सोध्न चाहनुहुन्छ भने तपाईंले तल दिएको ठाउँ प्रयोग गर्नुहोला। धन्यवाद।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................